ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY

८ बर्ष सफताको

❑ वर्ष-१० ❑ अङ्क-४, २०७५ जेठ १२ गते, शनिबार (May 26, 2018 Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठ संख्या: ६

संघीय सरकारको १३ खर्ब १५ अर्ब बजेट विनियोजन

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन गरिने

फत्तेपुर / सरकारले आर्थिक वर्ष २०७५/७६ का नीति र कार्यक्रमहरु कार्यान्वयन गर्न कूल १३ खर्ब १५ अर्ब १६ करोड १७ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। संघीय संसदको संयुक्त बैठकमा अर्थमन्त्री डा युवराज खतिवडाले कूल विनियोजनमध्ये चालूतर्फ रु आठ खर्ब ४५ अर्ब ४४ करोड ७५ लाख अर्थात ६४.३ प्रतिशत र पूँजीगततर्फ रु तीन खर्ब १३ अर्ब ९९ करोड ८२ लाख अर्थात २३.९ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ५५ अर्ब ७१ करोड ६० लाख अर्थात ११.८ प्रतिशत रहेको जानकारी दिए। आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजश्वतर्फ रु ८ खर्ब ३१ अर्ब ३१ करोड ८० लाख र वैदेशिक अनुदानबाट रु ५८ अर्ब ८१ करोड ५५ लाख ब्यहोर्दा रु चार खर्ब २५ अर्ब २ करोड ८२ लाख बजेट न्यून हुने छ।

तराई(मधेश समृद्धि कार्यक्रम सञ्चालन गरिने

अर्थमन्त्री डा. युवराज खतिवडाले मंगलबार संघीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०७५/७६ को आयव्ययको विवरण प्रस्तुत गर्दै तराई(मधेशमा पछाडि परेका स्थानीय तहको विकासका लागि तराई(मधेश समृद्धि

बाँकी अन्तिम पृष्ठमा



'बजेट मधेश विरोधी'

फत्तेपुर / राष्ट्रिय जनता पार्टी नेपालका उपाध्यक्ष सत्यनारायण मण्डलले बजेट दुर्भाग्यपूर्ण र मधेश विरोधी रहेको बताएका छन्। आगामी आर्थिक वर्षका सरकारले प्रस्तुत गरेको बजेट कस्तो लाग्यो भन्ने मधेशवाणीको प्रश्नको जवाफमा राजपा उपाध्यक्ष मण्डलले बजेटको विनियोजनमा मधेशका लागि एक खर्ब ५० अर्ब रकम पनि विनियोजित नगरिएको स्थिति रहेको बताए। उनले एनजिओ/आइएनजिओ र उपभोक्त समितिमार्फत खर्च हुने रकमको खर्च महालेखा प्रणालीसँग आबद्ध नगरिएको र पारदर्शी नबनाइएकोले परिणाम दर्दनाक हुने दाबी



गरेका छन्। बजेट विनियोजनको संशोधित प्रारुप अविलम्ब प्रस्तुत गर्नुपर्ने वाञ्छिनीय देखिएको उनले जिकिर गरेका छन्। उनले विगतकै परम्परागत बजेटको निरन्तरता रहेको बताएका

बाँकी अन्तिम पृष्ठमा

शहीद पत्नीलाई सरकारी जागिरमा नियुक्ति

जनकपुरधाम / मधेश आन्दोलनका शहीद परिवारलाई उचित व्यवस्थापन कार्यअन्तर्गत प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले शहीदका पत्नीलाई सरकारी नियुक्ति गरेका छन्। मधेश आन्दोलनका बेला सुरक्षाको गोली लागी सहादत प्राप्त गरेका रामविवेक यादवका पत्नी अनिला यादवलाई मुख्य न्यायाधिवक्ताको कार्यालयमा जागिरका लागि मुख्यमन्त्री राउतले नियुक्ति दिएका हुन्। मधेश आन्दोलनका बेला तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले शहीद परिवारलाई ५० लाख दिने घोषणा गरेकोले सोहीअनुसार शहीद परिवारलाई पैसाभन्दा पनि जीवनभरका लागि आयस्रोतको माध्यमका रुपमा जागिर दिने काम सुरु गरिएको हो। यसअघि पनि मधेश आन्दोलनका शहीद तथा घाइते परिवारलाई मधेशी गठबन्धन (फोरम र राजपा)ले वीरगन्ज महानगरपालिकामा जागिर दिएको छ।



फत्तेपुरमा एक महिने रमाईलो मेला

न्यु त्रियुगा स्पोर्ट्स क्लब फत्तेपुर को आयोजना मा सप्तरीको सप्तकोसी नगपालिका फत्तेपुर मा निर्माणधिन बहुउपयोगी कभर्डहल निर्माण को लागि सहयोगार्थ संचालन हुने एक महिने रमाइलो मेला मा सपरिवार आइ रमाउनु का साथै बहुउपयोगी कभर्डहल निर्माण का लागि सहयोग गरि दिनु हुन सबैमा हार्दिक अनुरोध गर्दछौं।



मेलाका आकर्षणहरु:

रोटेपिङ ,नाउका पिङ,draigan रेस, कार रेस लगायत बच्चाहरुका विभिन्न आकर्षक खेलौनाहरु विभिन्न राष्ट्रिय कलाकारहरु मेलिना राई,जेष्ठ कोमल ओलि,ज्योति मगर दिलिप रायमाझी ,केदार घिमिरे (माग्ने बुढो)लगायत लोकदोहरी, नृत्य ,गायन लगायत विभिन्न हास्यकलाकारहरु बाट हास्यब्याङ्ग्य लगाय विभिन्न मनोरञ्जनात्मक कार्यक्रम हरुका साथ दाजिलिङ का कलाकार हरुको बेजोड प्रस्तुति रहेको छ। हेर्न नछुटाऔं।

मितिः २०७५ जेष्ठ १० गतेदेखि असार १० गतेसम्म

स्थानः सहिद स्मृति रंगशाला सप्तकोसी नगरपालिका-१,फत्तेपुर

व्यावस्थापक

पर्बत लामा

एवं रमाइलो मेला आयोजक समिति सप्तकोसी नगरपालिका-१, फत्तेपुर सप्तरी

संघीय ...

कार्यक्रम सञ्चालन गर्ने भएको छ । तराई(मधेशमा मानव विकासको सूचाङ्कमा तुलनात्मकरुपमा पछाडि परेको स्थानीय तहमा सघन रुपमा सामाजिक, आर्थिक रुपान्तरण र भौतिक पूर्वाधार विकासका कार्यक्रमहरू एकीकृत रुपमा सञ्चालन गर्न तराई(मधेश समृद्धि कार्यक्रम संचालन गर्न थालिएको अर्थमन्त्री डा. खतिवडाले जानकारी दिए । सरकारले उक्त कार्यक्रमका लागि रु दुई अर्ब तीन करोड छ लाख रकम विनियोजन गरेको छ ।

बजेट ...

छन् । 'मधेशबाट जुन अनुपात कर आउँछ त्यो अनुपात बजेट आउनुपर्ने थियो तर, विगतदेखिको मधेशप्रतिको विभेदकारी नीतिलाई यो सरकारले निरन्तरता दिएको छ,' मण्डलले भने ।

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियुगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोट: आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

सूचना

सार्वजनिक निकायहरुले आफ्नो निकाय सम्बन्धी सूचना प्रत्येक तीन/तीन महिनामा विभिन्न राष्ट्रिय भाषामा प्रकाशित गर्नुपर्ने तथा आम सञ्चार माध्यमको उपयोग गर्नुपर्ने कानूनी व्यवस्था छ । यसको पालना भए-नभएको नागरिकले चासो व्यक्त गर्नुपर्छ । प्रत्येक सार्वजनिक निकायले सूचनाको वर्गीकरण गर्नुपर्छ । ती निकायहरुले सूचनादाताको संरक्षण गर्नुपर्छ । कानून बमोजिम क्षतिपूर्ति दिने गरी आयोगबाट निर्णय भएमा क्षतिपूर्ति रकम उपलब्ध गराउनु पर्नेछ ।

नेपाल सरकार

संचार तथा सूचना प्रविधी मन्त्रालय

सूचना विभाग

सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर वनाउन पहल गरौ ।
– शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको भोला प्रयोग नगरौ । कपडा तथा कागजका भोलाहरु वढीमात्रामा प्योग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाा हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ



जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा





फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय माति
अगाडी फोन नं.: ०३१-५५०१८७

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, **सल्लाहकार**: प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक** खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधि: मिलन वस्नेत, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, वेलटार प्रतिनिधि: शंकर कोशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान* **कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७५३२०२, धरान सम्पर्क: ९८०३८१९७२१** Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रण**: लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स साप्ताहिक
JANATA TIMES WEEKLY

सम्पादकीय.....

प्रदेशको राजधानी र नामकरण कहिले ?

प्रदेश २ मा प्रदेश सरकार गठन भएको झन्डै ४ महिना वितिसकेको छ। तर, प्रदेशको नाम र स्थायी राजधानी अहिलेसम्म टुंगो लागेको छैन। संविधानले प्रदेशको नामाकरण र स्थायी राजधानी तोक्ने जिम्मा प्रदेश सभालाई नै दिएको छ। प्रदेश सरकारले यी दुबै विषयमा अहिलेसम्म सामान्य गृहकार्य समेत गर्न नसकनु विडम्बना हो।

प्रदेशको नामाकरणको विषयमा सरकारले चाडै विधेयक ल्याउनु पर्ने प्रदेश सांसदहरुले पनि सुझाव दिदै आएका छन्। तर, सरकारले विधेयक ल्याउन गरेको तयारीबारे स्वयं सरकार नै अनभिज्ञ छ। केही दिन अघि जनकपुरमा भएको पार्टीको कार्यक्रममा संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले मुख्यमन्त्री मोहम्मद लालबाबु राउत गद्दीलाई प्रदेशको नामाकरण चाडै गर्न सुझाव दिए पनि उनले अहिलेसम्म कुनै कमद चालेका छैनन्।

प्रमुख प्रतिपक्षी दल एमालेले प्रदेशको राजधानी र नामाकरणमा सरकारले ढिलाइ गरिरहेको टिप्पणी पनि गर्दै आएको छ। विपक्षी दल कांग्रेसले सरकार सुस्त हुँदा प्रदेशको नाम र राजधानीको विषय टुंगो लगाउन नसकेको आरोप लगाउदै आएको छ। प्रतिपक्षको आरोप तथा सुझावलाई प्रदेश सरकारले बेवास्ता गर्दै आएको छ। चौतफी दवावलाई सरकारले वेवास्ता गनु हुदैन। प्रदेशको नाम, स्थायी राजधानी र प्रदेशको सरकारी कामकाजको भाषाको विषयमा गम्भीरतापूर्वक छलफल गरि टुङ्गाउनु वाञ्छानिय हुने छ।

यि तनि वटै विषय गम्भीर विषय हुन। जानकी वा मिथिला प्रदेश स्वीकार्य हुने बताउदै आएको छ। तराई मधेशका जनतालाई अनुभूत हुने गरि, सबैलाई मान्य हुने गरि नामकरण गर्नु उपयुक्त हुने छ। कसैको स्वार्थमा नाम राख्न उचित हुदैन्। ऐतिहासिकतालाई मध्य नगर गरेर नामकरण गनु उचित हुने छ। स्थायी राजधानी प्रदेशका सबै जनतालाई पायक पर्ने स्थानलाई तोकिनु पर्दछ। यो या त्यो वहानामा अपायक स्थानमा राजधानी तोकिनु पर्दछ।

☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्बुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

काम सानो वा ठूलो हुँदैन, नेपालमै सम्भव छ

❑ रोहित भण्डारी



धेरै युवाहरूले भन्ने गरेको कुरा के हो भने नेपालमा केहीको सम्भावना छैन, रोजगारीको बाटा छैनन्, नेपालमा बसेर केही गर्न सकिदैन जस्ता थुप्रै कुराहरू सुन्ने गरिन्छ र हामी पनि यस्तै भन्ने गर्छौं। कतिपय युवा समृद्ध भनिएका देश अष्ट्रेलिया, अमेरिका या क्यानडा लगायतका देश जान पाएदेखि आफूलाई अहोभाग्य ठान्छन्। नेपालमा केही गर्न सकिदैन भन्ने लगायतका आवाज आइरहँदा के साँच्चै नेपालमा केही छैन त, के नेपाल बिग्रिएकै हो त जस्ता प्रश्न उठेको छ? मैले आफ्ना दुई पुस्तकमार्फत नेपालमा पनि केही गर्न सकिन्छ, नेपालमा पनि सम्भावना छ, नेपालमा कुन क्षेत्रमा कस्तो कस्तो खालको सम्भावना छ भन्ने विषयमा जानकारी दिने प्रयास गरेको छु। विशेषतः नेपालमा कमजोर आर्थिक पृष्ठभूमिबाट माथि उठेका, जसले आफूले मेहनत र परिश्रम गरेर नेपालमा राम्रो स्थान बनाएका छन्, उनीहको सफलता र संघर्षका कथा जसलाई मैले 'सम्भव छ' नामक आफ्नो पुस्तकमा उल्लेख गरेको छु भने 'नेपालमै सकिन्छ' नामक अर्को पुस्तक जहाँ कामको सम्मान गर्ने युवा नेपालीको कथा प्रस्तुत गरेको छु। समृद्ध मुलुकमा गएर फर्केका युवाहरूले नेपालमै बसेर पनि राम्रो आम्दानी गरेका कथा प्रस्तुत गरेको छु।

दुवै पुस्तकमा संलग्न गरिएका जति पनि कथा छन्, ती कथाका प्रत्येक पात्रसँग मैले भेटेको छु। जस्तै 'सम्भव छ' पुस्तकमा मा पर्साका श्यामवदन यादवको कथा छ। उनी मध्यम वर्गका व्यक्ति हुन्। उनले गरेको संघर्ष, सफलताको बारेमा उल्लेख छ। यस्तै २३ जना व्यक्तिका बारेमा लेखेको छु।

नेपालमा धेरै सम्भावना रहेको छ। म एउटा उदाहरण दिन्छु। काठमाडौंकै जोरपाटीमा बस्ने एक जना युवाले एउटा सानो कोठा भाडामा लिएर आफैले चिया पकाएर थर्मशमा राखेर चाबहिल लगायतका तरकारी बजारमा दैनिक रूपमा चिया बेच्छन्। उनले भने अनुसार उनले दिनमा ३०० कप चिया बेच्छन्। एक कपको १५ रूपैयाको दरले पनि दिनको ४५०० रूपैया हुन आउँछ। महिना दिनमा हुने उनको खर्च कटाएर पनि ६० हजार भन्दा बढी नाफा हुन्छ। एउटा युवाले एक महिनामा ६० हजार कमाउँछ। हामी कति युवा छौं जो २०/३० हजारको लागि खाडि मुलुक जान्छौं। यो एउटा सानो उदाहरण मात्र हो। यस्तै नेपालमा गर्न सक्ने व्यवसाय हेर्ने हो भने यहाँ थुप्रै व्यवसायहरू छन्। 'नेपालमै सकिन्छ' भन्ने पुस्तकको लगभग ८० पृष्ठजति यस्तै नेपालमा सम्भावना भएका कामहरूको बारेमा मात्र उल्लेख गरेको छु।

नेपालमा पनि धेरै सम्भावना रहेको छ तर हाम्रो देशका युवाहरू त्यसतर्फ आकर्षित हुन सकिरहेको छैन। यसमा मुख्य दोष त हामी युवाकै छ। किनभने हाम्रो समाज नै त्यस्तै भइदियो। यदि घरमा कोही विदेशमा गएर काम गरिरहेको छ भने परिवारका सदस्यले गर्वका साथ भन्छ कि मेरो परिवारको मान्छे विदेश गएको छ। यस अर्थमा पनि विदेश गएन भने त सामाजिक प्रतिष्ठा नै जाने हो कि भन्ने डर हामी युवामा पलाएको छ। युवाहरूले के सोच्नु पर्दछ भने हामीले विदेशमा गएर पैसा त कमाउन सक्छौं तर खुशी कमाउन सक्दैनौ, त्यसका लागि आफ्नै घर चाहिन्छ। विदेशमा कमाएको पैसामा खुशी भेट्न सकिन्न। म के आग्रह गर्न चाहन्छु भने विदेशमा पैसा मात्र छ तर नेपालमा पैसा पनि छ खुशी पनि छ। युवाहरूमा काम प्रति आर्कषित नहुनुमा पनि कारण छ। हुन त नपढी केही काम गर्न सकिदैन। आफूले गर्न चाहेको कामको बारेमा जानकारी त अवश्य नै चाहिन्छ। तर हामी पढेर ज्ञानी हुनुपर्ने ठाउँमा घमण्डी भइदिन्छौ। पढाईले ज्ञान, सीप, संस्कार भन्दा पनि घमण्ड बढाइदियो। त्यसकारण मान्छेहरू जति धेरै पढ्यो उती धेरै बेरोजगार छन्। यसको अर्थ पढिसकेपछि कामको सम्मान गर्नुपर्छ भन्ने भावना नै हामीमा जागृत हुन सकेन। अर्को कुरा त हाम्रो समाजको सोच बदल्न नसक्नु पनि अर्को कारण हो। नेपाली युवाहरूको समस्या भनेको बेरोजगारीको समस्या होइन सोचको समस्या हो। विदेशमा काम गर्दा हिनताबोध हुँदैन तर नेपालमा त्यही काम गर्दा हिनताबोध हुन्छ। जबसम्म हामी हाम्रो सोच बदल्न सक्दैनौं तबसम्म हाम्रो समस्या भनेको नै बेरोजगारी रहिरहन्छ।

हामीले निकै मिहिनेत गरेर पैसा कमाएर नेपाल पठाउँछौं। तर त्यो पैसा खाद्य पदार्थदेखि विलासिताका सामान किन्न खर्च भइरहेको छ। खाद्य पदार्थको लागि विदेशमा कमाएर नेपाल पठाउनुभन्दा नेपालमा नै उत्पादन गर्न सके पैसा विदेश त जान पाउदैन नि। हुन त रेमिट्यान्सले देश धानिएको छ भनिन्छ तर रेमिट्यान्सकै कारण देशको ठूलै विकास भएको छ भन्ने कुरा मैले कतै सुनेको पनि छैन र पढेको पनि छैन। साँच्चै हामी गम्भीर बन्न आवश्यक छ। मैले पहिले नै भनिसके हाम्रो सोच बदल्ने हो भने नेपालमै सकिन्छ र सम्भव छ।

विदेश जानै नहुने भन्ने होइन। तर विदेशमा गर्ने काम नेपालमा पनि गर्नका लागि कुनै किसिमको हिनताबोध पालेर नबस्नु हुन्न। जागिर नै खानुपर्छ भन्ने होइन। हामीले साना साना काम गरेर पनि लाखौं आम्दानी गर्न सक्छौं। हामीले आफ्नो मनमा रहेको हिनताबोधको अन्त्य गरेर काम गर्ने हो भने जसरी विदेशी नागरिक नेपाल घुम्न आउँछन् त्यसरी नै नेपाली युवाहरू पनि विदेश घुम्न जानसक्ने हैसियतमा पुग्दछन्। काम सानो ठूलो हुँदैन। हामी जति सानो बन्न खोज्छौं त्यति ठूलो बन्छौं र हामी जती ठूलो बन्न खोज्छौं त्यहि सानो बन्छौं। अर्थात हामीले साना भनिएका काम गर्न थाल्यौं भने हामी ठूलो बन्छौं र सानो कामलाई हेला गरेर एकै पटक ठूलो काम गर्न लाग्यौं भने सानो बन्दै जान्छौं। 'सम्भव छ' र 'नेपालमै सकिन्छ' पुस्तकमा धेरै सन्दर्भहरू छन्। यो पुस्तक काठमाडौ लगायत पोखरा, बुटवल विराटनगर लगायतका स्थानमा उपलब्ध भएको हुनाले समय मिलाएर यो पुस्तक पढ्न म आग्रह गर्दछु। यी पुस्तकहरू पढिसकेपछि म केही गर्न सक्दिन भन्ने भावना परिवर्तन हुनेछ भन्ने कुरामा म विश्वस्त छु। *(कुराकानीमा आधारित)*

नेपालमा पनि धेरै सम्भावना रहेको छ तर हाम्रो देशका युवाहरू त्यसतर्फ आकर्षित हुन सकिरहेको छैन। यसमा मुख्य दोष त हामी युवाकै छ।

❑❑❑

विदेश जानै नहुने भन्ने होइन। तर विदेशमा गर्ने काम नेपालमा पनि गर्नका लागि कुनै किसिमको हिनताबोध पालेर नबस्नु हुन्न। जागिर नै खानुपर्छ भन्ने होइन। हामीले साना साना काम गरेर पनि लाखौं आम्दानी गर्न सक्छौं। हामीले आफ्नो मनमा रहेको हिनताबोधको अन्त्य गरेर काम गर्ने हो भने जसरी विदेशी नागरिक नेपाल घुम्न आउँछन् त्यसरी नै नेपाली युवाहरू पनि विदेश घुम्न जानसक्ने हैसियतमा पुग्दछन्। काम सानो ठूलो हुँदैन। हामी जति सानो बन्न खोज्छौं त्यति ठूलो बन्छौं र हामी जती ठूलो बन्न खोज्छौं त्यहि सानो बन्छौं।

उदयपुरमा सानीमा बैंकको शाखा विस्तार

उदयपुर / क वर्गको विकाश बैक सानिमा बैंकले उदयपुरको गाईघाट बजारमा आफनो ५८ औं शाखा बिस्तार गरेको छ। त्रियुगा नगरपालिका-११ गाईघाट बजारमा बिहिवार एक कार्यक्रमका बिच बैंकका सञ्चालन डा. सुर्बणराज श्रेष्ठ बैंकका सद्भावना दूत हाँस्यकलाकारद्धय हरिबंश आर्याय र मदनकृष्ण श्रेष्ठले सयुक्त रुपमा उद्घाटन गरेको हो।

बैंक उद्घाटन समारोहमा सम्बोधन गर्दै सञ्चालन डा. सुर्बणराज श्रेष्ठले नेपालमा स्थापना भएको वाणिज्य बैंकहरु मध्ये सबै भन्दा कान्छो बैंक रहेको औल्याउदै स्थापनाको छोटो अबधिमा नै नेपालको वाणिज्य बैंकहरु मध्ये ५ औं स्थानमा सानीमा बैंक पर्ने गरेको बताए। उनले भने बैदेशिक रोजगारीबाट आउने रेमिट्यान्सहरुलाई संस्थागत रुपमा भित्रयाउने पहिलो बैंक भएको बताए। गैर आवासिय नेपालीहरुद्धारा प्रर्बद्धन गरिएको पनि पहिलो बैंक हो।

नेपाल सरकारले अङिघकार गरेको समृद्ध नेपाल निर्माण गर्न संस्थागत पूँजिको आवश्यकता पर्ने भएकाले पनि त्यसलाई सहयोग गर्न बैंकको शाखा बिस्तार गरिएको हो। समृद्ध नेपालको मेरुदण्ड भनेको जलबिद्युत क्षेत्रको लगानी हो। जलबिद्युतको लगानी बिना समृद्ध नेपालको कल्पना गर्न नसकिने भएकाले त्यसमा लगानी गर्न बैंक तयार रहेको डा. श्रेष्ठले बताए। अबको लगानी बाटो र जलबिद्युतमा हुनु पर्ने बताउँदै अबको केही वर्षमा नै जलबिद्युतमा हामी आत्म निर्भर हुने दाबी डा. श्रेष्ठको थियो।

बैंकका सद्भावना दूत हरिबंश आर्चायले हिजोको दिनमा सुगम क्षेत्रमा मात्र रहेको बैंक अब ग्रामिण क्षेत्र केन्द्रित हुन थालेले ग्रामिण क्षेत्रमा समेत आर्थिक कारोबार बढ्न थालेको बताए। बैंकले हिजोको जस्तो नभएर अब नेपाललाई बिकसित मुलुक बनाउने राज्यको उदेश्य अनुरुप लगानी गर्दै लगेकाले सबै क्षेत्रमा औद्योगिकरण गरि आयातलाई प्रतिस्थापन गर्नु पर्नेमा जोड दिए। अर्का सदभावना दूत मदनकृष्ण श्रेष्ठले देश भित्र पयाप्त आर्थिक कारोबार तथा उद्योग नभएकाले यहाँका युवाहरु बैदेशिक रोजगारमा पलायन भएका छन्। युवा जनशक्तिलाई रोक्न सके मात्र समृद्ध मुलुक बनाउन सकिने बताए।

उनले भने, शिक्षा बिना मानिस अन्धो हुन्छ, शिक्षामा लगानी गर्न सके समृद्ध मुलुक बनाउन सकिने औल्याउदै त्यस तर्फ ध्यान दिन आग्रह गरे। हामी नेपालीलाई बिदेशमा हेप्ने गर्दछ। गरिब देशका नागरिकहरु वा भिखारी आयो भन्छन् बिदेशीले अब हाम्रो अभियान समृद्ध हुने समृद्ध बनाउने हो त्यसमा सबै पक्षले जोडदार लाग्न आग्रह गरे। लोकतन्त्र पढे लेखेकाले उपभोग गर्ने व्यवस्था हो। यसलाई तपाई हामी सबैले उपभोग गर्न शिक्षामा ध्यान दिनु पर्ने श्रेष्ठले औल्याए।

त्यसैगरी सानिमा बैंकका सिओ भुवनकुमार दाहालले सानिमा बैंक स्थापनाको १४ औं वर्षमा नेपालकै उत्कृष्ट बैंकको छबि बनाउन सफल भएको बताए। बैंकले उत्कृष्ट सेवा प्रदान गर्ने भएकाले सेवा प्रदान गर्ने मौका दिनु पर्नेमा सिओ दाहालको भनाई रहेको छ। स्थानीयलाई यो शाखाले वित्तीय कारोबारमा सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ।

बैंकले ग्रामीण क्षेत्रका सर्बसाधारणलाई समेत सहज बैंकिङ सेवा प्रदान गर्ने उदेश्यले प्रदेश अनुसार वित्तीय सञ्जाल नपुगेका क्षेत्रमा शाखा विस्तार गर्ने योजना अनुसार शाखा विस्तारको अभियानलाई निरन्तरता दिएको बताए। सिओ दाहालका अनुसार उदयपुरकै उदयपुरगढी गाँउपालिकाको नेपालटार बजार सहित खोटाङको दिप्रुङ गाँउपालिका सहित १४ नयाँ शाखाहरु दुई महिना भित्रमा बिस्तार गरिने जानकारी दिए।

हुलाकी राजमार्ग बनाउन भारतीय सहयोग

काठमाडौं। भारत सरकारले नेपालको हुलाकी राजमार्ग परियोजनाको लागि ५२ करोड ९० लाख २६ हजार नेपाली रुपैया सहयोग गरेको छ। काठमाडौंस्थित भारतीय दूतावासका मिशन प्रमुख अजय कुमारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव मधुसुदन अभिकारीलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरे।

उक्त सहयोग वीरगञ्ज-ठोरीसडक सडक खण्डको पूर्वाधार निर्माणका लागि २५ प्रतिशत टेन्डर खर्च सहित १० प्रतिशत अग्रिम भुक्तानीका लागि खर्च गरिन्छ। यस भुक्तानीका साथ, भारत सरकारले हुलाकी राजमार्ग परियोजनाको १४ वटा प्याकेजहरू लागू गर्नका लागि कुल एक करोड ८८ लाख रुपैया प्रदान गरेको छ।

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग, लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन

एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,



नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) जनरल बिमारीको जाच गरिन्छ र २४ सै घण्टा

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं।
-बेलका नगरलाई स्वच्छ, प्रदुषण रहित सफा शहर बनाउन आफनो घरबाट उत्पादन हुने फोहोर आफै तह लगाऔं, कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलबारी बनाऔं साथै बोट बिरुवा रोपौं।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई बुझाउनु पर्ने सबै किसिमका करहरु समयमै बुझाई नगरको बिकासमा सहयोग पुर्याऔं।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौं।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै बिकी बितरण समेत नगरौं।
– सार्वजनिक सम्पत्तिहरुको सबै मिलेर संरक्षण गरौं।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं।
– सभ्य नागरिक बनौं, बन्न सिकाऔं र सभ्य नगरपालिका बनाऔं।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ। मौकाको फाईदा

प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२११२९१



IME सेवा: यहा विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि।

तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): समय उत्तम खालको छ। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला। शुभ समाचार सुन्नाले मन प्रशन्न रहला।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला। स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न। मन दोधार होला।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। मन प्रफुल्ल रहला।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला। तपाईको पछाडी कुरा काट्नेहरु आफै पाखा लाग्ने छन्।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला। मनमा उत्साह र हिम्मत बढ्नेछ।

तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला। शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ। नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला। प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ। पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ। तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।